प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Ltd.

पत्र संख्या : २०७३/७४—११
चलानी नं. : ६५६

CDS
and
Clearing Ltd.

मिति : २०७४ ०३ ०७

**विषय : अनलाइन सेवा सम्बन्धी परिपत्र ।**

(परिपत्र नं.:१७/आ.व.२०७३/७४)

धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ को विनियम २० (८) मा "हितग्राहीले आफ्नो खातामा भएको कारोवारको जानकारी अनलाईन मार्फत् हेर्ने सुविधा लिन चाहेमा वार्षिक रुपमा पचास रुपैयाँ शुल्क भुक्तानी गरी सिडिएससिले निक्षेप सदस्यलाई व्यवस्था गरेको सफ्टवेयर मार्फत् त्यस्तो सुविधा लिन सक्नेछ ।" भनी व्यवस्था भएबमोजिम उक्त सुविधाका लागि निक्षेप सदस्यहरुले यस लि. ले तयार गरेको सफ्टवेयर नै प्रयोग गर्नु पर्ने भएकोले यस लि.बाट हितग्राहीले अनलाइन मार्फत् विवरण हेर्नका लागि तयार गरिएको सफ्टवेयर "मेरो शेयर" प्रयोग नगरेका निक्षप सदस्यहरुले यथाशिघ्र निवेदन पेश गरी सम्झौता गरी आफ्ना ग्राहकहरुले उक्त सुविधाको पहुँच दिनुहुन अनुरोध गरिन्छ । ऐ विनियमावली (दोस्रो संशोधन) मिति २०७३।११।१५ गतेदेखि लागू गरिएको हुँदा सो विनियमावलीमा व्यवस्था भएका नियमहरु पालना गर्नुहुन समेत अनुरोध गरिन्छ । साथै उक्त सफ्टवेयर प्रयोग गरिसकेका निक्षेप सदस्यहरुले संलग्न बमोजिमका कार्यविधि अनुसार कार्य गर्नुहुन समेत जानकारी गराईन्छ ।

संलग्न :

१। इन्टरनेट मार्फत् हितग्राही खाताको विवरण हेर्न तयार पारिएको सफ्टवेयर "मेरो शेयर" सम्बन्धी कार्यविधि, २०७४ -थान १

देव प्रकाश गुप्ता
प्रमुख कार्यकारी अधिकृत

## इन्टरनेट मार्फत् हितग्राहीको खाताको विवरण हेर्न तयार पारिएको सफ्टवेयर "मेरो शेयर" सम्बन्धी कार्यविधि, २०७४

धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (दोस्रो संशोधन, २०७३ सहित) अनुसार हितग्राहीहरुले आफ्नो डिम्याट खातामा भएको कारोबारको जानकारी अनलाईन मार्फत् हेर्ने सुविधा लिनका लागि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सिडिएससि) ले निक्षेप सदस्यलाई व्यवस्था गरेको सफ्टवेयर **"मेरो शेयर"** मार्फत् सेवा प्रदान गर्दा यसै कार्यविधि अनुसार गर्नु पर्नेछ ।

१. **सफ्टवेयर संचालन गर्नु पर्ने :** (क) निक्षेप सदस्यले आफ्ना ग्राहकका लागि आफ्नो खाता अनलाईन मार्फत् हेर्ने सुविधा प्रदान गर्नका लागि सिडिएससिले तयार पारेको सफ्टवेयर **"मेरो शेयर"** संचालन गर्न अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(ख) सिडिएससिले निक्षेप सदस्यको निवेदन प्राप्त गरे पश्चात् अनुसूची-२ बमोजिमको ढाँचामा करार गरी सफ्टवेयर संचालनका लागि आवश्यक विवरण प्रदान गर्नेछ ।

२. **प्रविष्टिकर्ता र रुजुकर्ताको व्यवस्था गर्नु पर्ने :** (क) निक्षेप सदस्यले सिडिएससिले प्रदान गरेको MASTER LOGIN ID प्रयोग गरी ग्राहकलाई Log In सम्बन्धी विवरण प्रदान गर्न कम्तीमा पनि एक-एक जना प्रविष्टिकर्ता (Maker USer) र रुजुकर्ता (Checker User) को लागि छुट्टा छुट्टै Login ID तयार गर्नु पर्नेछ ।

(ख) प्रविष्टिकर्ता र रुजुकर्ता को Login Credentials तयार गरी सके पश्चात् प्रविष्टिकर्ताले ग्राहकका लागि आवश्यक Login Account तयार गर्नु पर्नेछ भने रुजुकर्ताले प्रविष्टिकर्ताको हरेक प्रविष्टिलाई रुजु गर्नु पर्नेछ ।

३. **ग्राहकबाट निवेदन लिनु पर्ने :** (क) निक्षेप सदस्यले हितग्राहीले आफ्नो खातामा भएको कारोबारको जानकारी अनलाईन मार्फत् हेर्ने सुविधा लिन चाहने ग्राहकलाई अनुसूची-३ बमोजिमको फाराम भराई धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (दोस्रो संशोधन, २०७३ सहित) को विनियम २० को उपविनियम (८) मा उल्लेख भए बमोजिमको शुल्क समेत लिनु पर्नेछ ।

(ख) ग्राहकबाट प्राप्त निवेदनको आवश्यक जाँचबुझ गरी निक्षेप सदस्यको प्रविष्टिकर्ताले **"मेरो शेयर"** मा उक्त ग्राहकको Client ID प्रविष्टि गरी फाराममा उल्लेख भएको ग्राहकको इमेल ठेगाना तथा फोन नम्बर समेत प्रविष्टि गरी ग्राहकको Login Credentials तयार गर्नु पर्नेछ ।

(ग) प्रविष्टिकर्ताले तयार गरेको ग्राहकको Login Credential लाई रुजुकर्ताले पुनः एक पटक रुजु गर्ने पर्नेछ । यसरी रुजुकर्ताले सम्पूर्ण विवरण रुजु गरिसके पश्चात् ग्राहकले प्रयोग गर्नु पर्ने Login Credentials को विवरण **मेरो शेयर**मा उल्लेख गरिएको इमेल ठेगानामा प्राप्त हुनेछ ।

(घ) ग्राहकले इन्टरनेट ठेगाना www.meroshare.cdsc.com.np मा गई आफ्नो निक्षेप सदस्य नम्बर छानेर आफ्नो इमेलमा प्राप्त Login Credentials प्रयोग गरीइ Login गर्न सक्ने छन् । **मेरो शेयर**मा Login गरेर ग्राहकले आफ्नो हितग्राही खाताको विवरण, आफ्नो शेयर मौज्दातको विवरण, आफ्नो शेयर खातमा भएको डेबिट वा क्रेडिटको विवरण, बजार मूल्यको आधारमा आफ्नो खातामा मौज्दात रहेको शेयरको पोर्टफोलियो, आफूले धितो बन्धकमा राखेको शेयरको विवरण लगायतका विवरण हेर्न सक्ने छन् ।



CDS

(ङ) धितोपत्रको सार्वजनिक निष्काशनका क्रममा इन्टरनेट मार्फत् आवेदन दिन चाहने ग्राहकले आफ्नो बैंक खाता रहेको बैंक मार्फत् C-ASBA को लागि CRN नम्बर लिएको खण्डमा **मेरो शेयर**मा उपलब्ध **MY ASBA** मा उल्लेख गरिएको स्थान धितोपत्र खरिदका लागि आवेदन दिन सक्ने छन् ।

४. **ग्राहकले आफ्ना एकाघरका सदस्यको खाताको विवरण हेर्न सक्ने :** (क) ग्राहकले आफ्ना एकाघर परिवारका सदस्यको हितग्राही विवरण एकै ठाउँमा हेर्न चाहेकमा अनुसूची-४ बमोजिमको ढाँचामा फाराम भराई आफ्नो निक्षेप सदस्यमा निवेदन दिनु पर्नेछ ।

(ख) निक्षेप सदस्यले ग्राहकबाट प्राप्त निवेदनको जाँचबुझ गरी, **मेरो शेयर**मा उपलब्ध Linked Account Menu प्रयोग गरी Link गर्न चाहेको हितग्राही खाता प्रविष्टि गर्नु पर्नेछ । यसरी अन्य हितग्राहीको खाता Link गराउँदा उक्त Link गराउनु पर्ने खाताको समेत अनिवार्य रुपमा **मेरो शेयर** एकाउन्ट रहेको हुनु पर्नेछ ।

५. **नवीकरण गर्नु पर्ने :** (क) **मेरो शेयर**को सेवा लिएका ग्राहकले आफ्नो सेवा प्रत्येक वर्ष नवीकरण गराउनु पर्नेछ । यसरी नवीकरण गराउँदा ग्राहकले एक भन्दा बढी वर्षका लागि समेत सेवा लिन सक्ने छन् ।

(ख) निक्षेप सदस्यले आफ्नो ग्राहकको सेवा नवीकरण गर्दा धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (दोस्रो संशोधन, २०७३ सहित) को विनियम २० को उपविनियम (८) मा उल्लेख भए बमोजिमको शुल्क लिई **मेरो शेयर**मा उपलब्ध Renew Account Option प्रयोग गरी नवीकरण गराउनु पर्नेछ ।

६. **निक्षेप सदस्यले शुल्क बुझाउनु पर्ने :** निक्षेप सदस्यले प्रत्येक महिना सकिएको १५ दिन भित्र अघिल्लो महिनामा प्राप्त भएका निवेदन बापतको शुल्क रु.२५ प्रति हितग्राहीका दरले सिडिएससिलाई बुझाउनु पर्नेछ ।

CDS
and
Clearing Ltd.

# अनुसूची - १

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.
पुतलीसडक, काठमाडौं ।

**विषय : सफ्टवेयर उपलब्ध गराई दिने बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस लि. मार्फत हितग्राही खाता खोलेका लगनीकर्ताहरुलाई आफ्नो हितग्राही खातामा भएको कारोवारको जानकारी इन्टरनेट मार्फत हेर्ने सुविधा प्रदान गर्न धितोपत्र केन्द्रिय निक्षेप सेवा विनियमावली, २०६८ (दोस्रो संसोधन २०७३ सहित) अनुसार तहा लि ले तयार पारेको सफ्टवेयर **मेरो शेयर** मार्फत सेवा प्रदान गर्नु आवश्यक रहेकोले सो सफ्टवेयर उपलब्ध गराई दिनुहुन बिनम्र अनुरोध गरिन्छ ।

निवेदक,

CDS
and
Clearing Ltd.

............................
............................

अनुसूची - २

**सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड र निक्षेप सदस्य बीच Demat खाताको विवरण इन्टरनेट मार्फत् हेर्नका लागि विकास गरिएको Application "मेरो सेयर (MERO SHARE)" प्रयोग गर्ने सम्बन्धी**

**सम्झौता - पत्र**

लिखितम् .................. दर्ता कायम भई पुतलीसडक, काठमाडौंमा कार्यालय रहेको सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सिडिएससि) (यस पछि यस सम्झौता पत्रमा प्रथम पक्ष भनिएको) को तर्फबाट अख्तियार प्राप्त प्रमुख कार्यकारी अधिकृत ..................र .............. कार्यालय रहेको ..................... (यस पछि यस सम्झौता पत्रमा दोस्रो पक्ष भनिएको) को तर्फबाट अख्तियार प्राप्त प्रमुख कार्यकारी अधिकृत श्री .................... बीच हितग्राहीहरुले आफ्नो Demat खाताको विवरण इन्टरनेट मार्फत् हेर्नका लागि तयार पारिएको Application **"मेरो सेयर (Mero Share)"** प्रयोग गर्ने सम्बन्धमा आज मिति ........... गते काठमाडौं स्थित सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सिडिएससि) को कार्यालयमा बसी यो सम्झौतामा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं ।

**तपशिल :**

**प्रथम पक्षको दायित्व :**

१. प्रथम पक्षले हितग्राहीहरुले आफ्नो Demat खाताको विवरण इन्टरनेट मार्फत् हेर्नका लागि विकास गरिएको Application **"मेरो सेयर (Mero Share)"** को Master Login Account दोस्रो पक्षलाई प्रदान गर्नेछ ।

२. प्रथम पक्षले Application संचालन सम्बन्धी कार्य संचालन निर्देशिका (Operating Manual) दोस्रो पक्षलाई प्रदान गर्नेछ ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई आवश्यकता अनुसार प्राविधिक सहयोग प्रदान गर्नेछ ।

४. प्रथम पक्षले Application मार्फत् प्रदान गरिने सेवा चौबीसै घण्टा उपलब्ध गराउन प्रतिबद्ध रहने छ ।

५. प्रथम पक्षले Application मा हुने विभिन्न प्राविधिक क्रियाकलापहरु जस्तै मर्मत-सम्भार, भर्सन अपडेट लगायतका गतिविधि गर्दा सो को जानकारी Application को स्क्रिन वा ईमेल मार्फत् गराउने छ ।

६. प्रथम पक्षको नियन्त्रण बाहिरको केही घटना (जस्तैः भूकम्प, आगलागी, बाढी, आँधी जस्ता दैवी प्रकोपहरु) भई सेवामा अवरोध भएमा प्रथम पक्ष जिम्मेवार हुने छैन ।

**दोस्रो पक्षको दायित्व :**

१. दोस्रो पक्षले प्रथम पक्षले प्रदान गरेको Application मार्फत् आफ्नो डिपीमा खाता खोलेका हितग्राहीहरुको अनुरोधमा खाताको विवरण हेर्नका लागि Login Account प्रदान गर्नेछ ।



CDS

२. प्रथम पक्षले प्रदान गरेको Application को सही तरिकाले संचालन तथा व्यवस्थापन गर्न, आफ्ना सेवाग्राहीहरुलाई आवश्यक प्राविधिक सहयोग गर्न, Application मा रहेका तथ्याङ्कहरुको गोपनियताको रक्षा गर्न दोस्रो पक्ष प्रतिबद्ध रहने छ ।

३. दोस्रो पक्षले Application सम्बन्धी कार्य गर्न जिम्मेवार व्यक्ति नियुक्त गरी प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।

४. दोस्रो पक्षले सेवाग्राहीहरुबाट तोकिए बमोजिमको वार्षिक सेवा संचालन शुल्क लिई हरेक महिना समाप्त भएको १५ दिन भित्र प्रथम पक्षलाई बुझाउने छ ।

उपरोक्त बमोजिमका सम्पूर्ण शर्त बन्देजहरु आफुलाई बन्धनकारी हुने कुरा मञ्जुर गरी सम्झौताका दुवै पक्षबाट आजैका मितिमा यस सम्झौता पत्रमा हस्ताक्षर भएको ठीक साँचो हो ।

**प्रथम पक्षको तर्फबाट अख्तियार प्राप्त**

..............................................

..............................................

**प्रमुख कार्यकारी अधिकृत**

**सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड**

**कम्पनीको छाप**

**दोश्रो पक्षको तर्फबाट अख्तियार प्राप्त**

..............................................

..............................

........................

........................

**कम्पनीको छाप**

**साक्षीहरु :**

१.

२.

**साक्षीहरु :**

१.

२.

CDS
and
Clearing Ltd.

## अनुसूची - ३

## <u>"मेरो शेयर" को सेवा लिनको लागि निवेदन फाराम</u>

मिति (Date) : ....../......./..................

श्री प्रमुख ज्यू,

..............................

(निक्षेप सदस्यको नाम र ठेगाना)

**विषय : "मेरो शेयर" को सेवा प्रदान गरिदिने सम्बन्धमा ।**

महोदय,

म/हामीले त्यस लि. मा खोलेको हितग्राही खाता सम्बन्धी विवरण इन्टरनेट मार्फत् हेर्न तथा **"मेरो शेयर"** मा उपलब्ध सम्पूर्ण सेवाहरु प्रयोग गर्न चाहेकोले उक्त सेवा प्रदान गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु/गर्दछौं ।

| | |
|---|---|
| निवेदकको नाम/थर : | |
| Name of Applicant (BLOCK Letter) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| निक्षेप सदस्य नम्बर : (DPID) | | | | | | | | |
| हितग्राही नम्बर : (Client ID) | | | | | | | | |

| | | | |
|---|---|---|---|
| ईमेल: E-mail ID : | | | |
| सम्पर्क फोन नं.: Telephone No.: | अफिस | निवास | मोबाईल |
| | | | |
| ठेगाना : Address: | | | |
| | | | |

CDS and Clearing Ltd.

## "मेरो शेयर" को सेवा सम्बन्धी नियम तथा शर्तहरु

१. **मेरो शेयर** सेवा केवल व्यक्तिगत प्रयोजनको लागि मात्र हो । यो सेवा अन्य कसैलाई हस्तान्तरण गरिने छैन ।

२. ग्राहकले **मेरो शेयर** सेवासँग सम्बन्धित विद्युतीय कारोबारको लागि दिईएका सुरक्षित गोप्य नाम, पासवर्ड, पिन आदि जानकारीको गोपनियता कायम गर्नेछ र यी जानकारीहरु कुनै पनि अवस्थामा कसैलाई कहिले पनि दिने छैन ।

३. यदि आफ्ना गोप्य पासवर्ड नम्बर पिन हराएको वा सो को जानकारीहरु कतै कोही असम्बन्धित व्यक्तिको जानकारीमा आएको थाहा भएमा तुरुन्त आफ्नो निक्षेप सदस्यलाई जानकारी गराई रद्द गराउनु पर्नेछ र परिवर्तन गराउनु पर्नेछ ।

४. **मेरो शेयर** मार्फत् गरिएका सम्पूर्ण कारोबारको जिम्मेवारी ग्राहक स्वयंको हुनेछ ।

५. **मेरो शेयर**को प्रयोग सधैं सिडिएससिको प्रचलित नियम र विनियमको अधिनमा रहने छ ।

६. प्राविधिक कारणले सेवा अवरुद्ध हुन गई ग्राहकलाई हुन गएको असुविधा, क्षति वा हानी नोक्सानीको लागि निक्षेप सदस्य/सिडिएससि कुनै पनि किसिमले जिम्मेवार हुने छैन ।

७. यो निवेदनमा निक्षेप सदस्य/सिडिएससिको स्वीकृत आवश्यक पर्नेछ । निक्षेप सदस्य/सिडिएससिसँग कुनै कारण नखुलाई आफ्नो स्वविवेकमा निवेदन अस्वीकृत गर्ने अधिकार रहने छ ।

८. ग्राहकलाई सुचित गरी वा नगरी यो सुविधा नवीकरण गर्ने, रद्द गर्ने वा फिर्ता लिने अधिकार निक्षेप सदस्य/सिडिएससिलाई रहने छ ।

**उद्घोषण :**

म/हामी माथि उल्लेखित सम्पूर्ण विवरण साँचो रहेको घोषणा गर्दछु/गर्दछौं । यदि उल्लेखित विवरणहरु कुनै कारणवश गलत भएको अथवा गलत प्रमाणित भएको अवस्थामा त्यसबाट सिर्जना हुने सम्पूर्ण परिस्थितिको जिम्मेवार म/हामी स्वयं हुने छु/छौं । साथै माथि उल्लेखित मोबाईल नम्बर तथा इमेल मेरो/हाम्रो व्यक्तिगत प्रयोजनका लागि प्रयोग हुनेछ तथा **मेरो शेयर**को सेवाका लागि सिडिएससिबाट प्रदान गरिने Login ID तथा Password हरु उल्लेखित मोबाईल नम्बर वा इमेल ठेगानामा प्राप्त गर्न मेरो/हाम्रो मन्जुरी छ । **मेरो शेयर**को सेवा उपभोग गर्ने सम्बन्धमा सिडिएससिद्धारा जारी गरिएका यस सेवासँग सम्बन्धित माथि उल्लेख गरिएका सम्पूर्ण नियम, शर्तहर राम्ररी पढी बुझी स्वीकर गर्दछु/गर्दछौं ।

............................
आधिकारिक दस्तखत

CDS
and
Clearing Ltd.

..................................
मिति

## अनुसूची - ४

## "मेरो शेयर" मार्फत् एकाघर परिवारको हितग्राही खाताको विवरण एकै साथ प्राप्त गर्नका लागि निवेदन फाराम

मिति (Date) : ....../......./.................

श्री प्रमुख ज्यू,

..............................

(निक्षेप सदस्यको नाम र ठेगाना)

**विषय : "मेरो शेयर" मार्फत् एकाघर परिवारको हितग्राही खाताको विवरण एकै साथ प्राप्त गर्ने व्यवस्था गरिदिने सम्बन्धमा ।**

महोदय,

म/हामीले त्यस लि. मा खोलेको हितग्राही खाता सम्बन्धी विवरण इन्टरनेट मार्फत् हेर्न तथा **"मेरो शेयर"** को सेवा प्राप्त गरिसकेकोमा एकाघर भित्रका सदस्यहरुको हितग्राी खाताहरुको विवरण एकै स्थानबाट हेर्न मिल्ने सेवा प्रयोग गर्न चाहेकोले उक्त सेवा प्रदान गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु/गर्दछौं ।

| सेवा लिन चाहेको निवेदकको विवरण | |
|---|---|
| निवेदकको नाम/थर :<br>Name of Applicant | |
| हितग्राही नम्बर :<br>(Client ID) | |

| परिवारको सदस्यको हितग्राही खाताको विवरण | |
|---|---|
| नाम/थर :<br>Account Holder's Name: | |
| हितग्राही नम्बर :<br>(Client ID) | |
| हस्ताक्षर :<br>Account Holder's Signature: | |
| निवेदकसँगको सम्बन्ध :<br>(Relation with Applicant) | |

म/हामी माथि उल्लेखित सम्पूर्ण विवरण साँचो रहेको घोषणा गर्दछु/गर्दछौं । यदि उल्लेखित विवरणहरु कुनै कारणवश गलत भएको अथवा गलत प्रमाणित भएको अवस्थामा त्यसबाट सिर्जना हुने सम्पूर्ण परिस्थितिको जिम्मेवार म/हामी स्वयं हुने छु/छौं ।

| | | |
|---|---|---|
| ..................... | ......................... | ....................... |
| निवेदकको दस्तखत | परिवारको सदस्यको दस्तखत | मिति |